# पूर्वाञ्चल विश्वविद्यालय
## परीक्षा व्यवस्थापन कार्यालय
### बिराटनगर, नेपाल ।


आ. व.: ।२०७६/०८० २०७९।०६।२६

श्री क्याम्पस प्रमुखज्यू,
**BCA / BIT/ B.Sc. (Hons.) Ag. / B.V.Sc. & A.H. / B.Sc. Forestry / B. Food, Dairy Technology / B.Tech. Biotechnology / B.Sc. Biotechnology** अध्यापनहुने सम्पूर्ण क्याम्पस/ कलेजहरू ।

**विषयः- म्याद थप बारे ।**

पूर्वाञ्चल विश्वविद्यालयद्वारा विज्ञान तथा प्रविधि संकाय अन्तर्गत सन् २०२२ मा सञ्चालन गरिने **BCA / BIT / B.Sc. (Hons.) Ag. / B.Sc. Forestry / B. Food, Dairy Technology / B.Tech. Biotechnology / B.Sc. Biotechnology** शैक्षिक कार्यक्रमहरूको तेश्रो, पाँचौं र सातौं सेमेष्टर तथा **B.V.Sc. & A.H.** शैक्षिक कार्यक्रमको तेश्रो, पाँचौं, सातौं र नवौं सेमेष्टरको नियमित तथा आंशिकरूपमा त्यस क्याम्पस/कलेजमा अध्ययनरत विद्यार्थीहरूलाई मिति २०७९।०७।१८ गतेसम्म परीक्षा आवेदन फाराम भराई मिति २०७९।०७।२१ गतेसम्म नियमानुसारको परीक्षा शुल्क वापतको रकम नविल बैंक स्थित यस कार्यालयको **CALL A/C 00710017518402** मा जम्मा गरी मिति २०७९।०७।२२ गतेभित्र सो को सक्कलै भौचर र परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलब्ध गराई दिनु हुन जानकारी गराइएको छ । उक्त मितिसम्म परीक्षा फाराम भर्न छुट भएका विद्यार्थीहरूको लागि तपशिल वमोजिमको विलम्ब शुल्क लिई तोकिए वमोजिमका मितिसम्म फाराम भराई नियमानुसारको परीक्षा शुल्क र विलम्ब शुल्क सहित परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलब्ध गराई सक्नु पर्नेछ । त्यसपछि प्राप्त भएका परीक्षा आवेदन उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउँदै सम्बन्धित परीक्षार्थीहरूलाई भराउनु पर्ने परीक्षा आवेदन फाराम थान ......यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । साथै, परीक्षा फाराम भराउँदा तपशिल वमोजिमको निर्देशनहरू अनिवार्य रूपमा पालन गर्न/गराउन अनुरोध छ ।

**तपशिलः**

१) परीक्षा आवेदन फाराम पठाउँदा शैक्षिक सत्र समूह अनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई विषयगत विवरण फाराम तयार गरी फाइलिङ्ग गरी पठाउनु पर्नेछ ।
२) परीक्षा आवेदन फाराममा विद्यार्थीले रजिष्ट्रेशन नं. अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ । तोकिएको कागजातहरू पूरा नभई दर्ता (Registration) हुन नसकेका विद्यार्थीहरूको फाराम स्वीकृत हुने छैन ।
३) परीक्षा आवेदन फाराममा रहेको तीनवटा फोटो मध्ये पहिलो फाटोमा सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फाराममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्नेछ । अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।
४) परीक्षा आवेदन फारामको पछाडि सम्बन्धित विद्यार्थीको हाजिरी अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ ।
५) परीक्षा आवेदन फाराममा लिखित तथा प्रयोगात्मक दुबै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरू समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ । प्रयोगात्मक विषयमा मात्र अनुत्तिर्ण विद्यार्थीले समेत अनिवार्य रूपमा परीक्षा आवेदन फाराम भर्नुपर्नेछ ।
६) कुनै परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन र परीक्षा आवेदन फाराममा विषय गलत लेखी पठाएमा विषय सच्याउन प्रति विषय रू. ५००।- लाग्नेछ ।
७) परीक्षा शुरू हुनुभन्दा ७ दिन अगावै सम्बन्धित कलेजले आन्तरिक मूल्याङ्कन **Online Entry** गरी **Hard Copy** प्रमाणित गरी पठाई सक्नुपर्नेछ । आन्तरिक मूल्याङ्कन परीक्षामा अनुत्तीर्ण र अनुपस्थित विद्यार्थीले परीक्षामा बस्न पाउने छैन । अटेर गरी परीक्षा दिएमा परीक्षाफल रद्द गरिनेछ ।
८) परीक्षा शुल्क देहाय वमोजिम हुनेछः

| क्र.सं. | विवरण | स्नातकोत्तरतह | स्नातकतह |
|---|---|---|---|
| १. | नियमित तथा आंशिक (२०२० समुह देखि नियमित तथा आंशिक) | रु.२१००।- | रु.१५००।- |
| २. | आंशिक १ विषय (अन्य समूह तथा सेमेष्टर) | रु.६००।- | रु.५००।- |
| ३. | आंशिक २ विषय (अन्य समूह तथा सेमेष्टर) | रु.११००।- | रु.८००।- |
| ४. | आंशिक २ भन्दा बढि विषय (अन्य समूह तथा सेमेष्टर) | रु.१६००।- | रु.११००।- |
| ५. | विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र) | रु.१०००।- | |
| ६. | विलम्ब शुल्क (परीक्षा शुरु हुनु भन्दा १० दिन अगाडि सम्म) | रु.२०००।- | |
| ७. | विलम्ब शुल्क (परीक्षा शुरु हुनु भन्दा ५ दिन अगाडि सम्म) | रु.३०००।- | |
| | सम्बन्धन शुल्क (नियमित): | | |
| ८. | *BCA / BIT / B. Sc. Biotechnology* | रू.६०००।- प्रति विद्यार्थी | |
| ९. | *Bachelor of Food/Dairy Technology* | रू.७०००।- प्रति विद्यार्थी | |
| १०. | *B. Sc. (Hons.) Ag. / B. V. Sc. & A.H. / B. Tech. Biotechnology* | रू.८०००।- प्रति विद्यार्थी | |

नि. परीक्षा नियन्त्रक

**नोटः** सम्बन्धित क्याम्पस/कलेजका प्रतिनिधि मार्फत परीक्षा आवेदन फारामहरू बुझाउनु हुन जानकारी गराइन्छ । अन्य कुनै पनि माध्यमद्वारा पठाइएका परीक्षा आवेदन फारामहरू स्वीकृत नगरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।